नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २५४ २०७९ साल जेठ २ गते सोमबार (16 May 2022 Monday) मूल्य रु. ५/-

जंगली च्याउहरु विषालु पनि हुनसक्छन्, त्यसैले राम्ररी पहिचान गरेरमात्र खाऔं।

खेती गरेर उमारेका च्याउमात्र खाने गरौं। अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : आर्थिक सहयोग नपाएपछि... ३ पृष्ठमा : दोस्रो अन्तरदेशीय प्रसारण.. ३ पृष्ठमा : न्युयोर्कमा गोली प्रहारबाट...

# सप्तरीमा जसपा ७, काँग्रेस ४, एमाले २ तथा माओवादी, जनमत र लोसपा एक/एक स्थानमा अगाडी

**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**

सप्तरीको १८ स्थानिय तह मध्ये शनिबारदेखी १६ पालिकाको मतगणना सुरु भएको छ ।

शनिबारदेखी राजविराज नगरपालिका, कंचनरुप नगरपालिका, बोदेबरसाइन नगरपालिका, खडक नगरपालिका, सप्तकोशी नगरपालिका, हनुमाननग कंकालिनी नगरपालिका, सुरुङ्गा नगरपालिका, बलान बिहुल गाउँपालिका, राजगढ गाउँपालिका, तिरहुत गाउँपालिका, महदेवा गाउँपालिका, विष्णुपुर गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र अग्निसाइर कृष्णासवरण गाउँपालिकामा मतगणना सुरु भएको छ ।

प्रारम्भिक नतिजामा जनता समाजवादी पार्टी ७, नेपाली काँग्रेस ४, नेकपा एमाले २ तथा माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी एक एक स्थानमा अग्रता लिएका छन् ।

प्राप्त पछिल्लो मतगणनाको परिणाम अनुसार जसपा राजविराज, बोदेबरसाइन, राजगढ, तिरहुत, तिलाठी कोइलाडी, खडक, विष्णुपुर, नेपाली काँग्रेस सुरुङ्गा, शम्भुनाथ, सप्तकोशी, कंचनरुप, नेकपा एमाले अग्निसाइर कृष्णासवरण, बलान बिहुल, जनमत हनुमाननगर कंकालिनी, माओवादी केन्द्र छिन्नमस्ता तथा लोसपा महदेवामा अग्रस्थानमा रहेको छ ।

आइतबार अबेर साँझसम्म कुनै पनि पालिकाको अन्तिम परिणाम आउन सकेको छैन् । मतगणना कार्य सुस्त गतिमा हुँदै गरेकाले अन्तिम परिणाम आउन अझै तीन/चार दिन लाग्ने अनुमान गरिएको छ ।

डाक्नेश्वरी नगरपालिका र रुपनी गाउँपालिकाको १/१ मतदान केन्द्रमा विवादका कारण निर्वाचन स्थगित भएकाले पुनः निर्वाचन सम्पन्न भएपछि मात्र मतगणना कार्य अघि बढ्ने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

यता डाक्नेश्वरी नगरपालिकाको वडा नं. २ स्थित मतदान केन्द्रमा आइतबार मतदान सम्पन्न भएको छ । सो केन्द्रमा

*बाँकी अन्तिम पृष्ठमा*

# पेट्रोलियम पदार्थमा प्रतिलिटर १० रुपैयाँ मूल्य बृद्धि

**दैनिक समाचारदाता**
**काठमाडौँ, १ जेठ ।**

सरकारले डिजेल, पेट्रोल र मट्टीतेलको मुल्य फेरी बढाएको छ । पेट्रोलियम पदार्थमा प्रतिलिटर १० रुपैयाँ मूल्य बढाएको हो ।

स्थानीय तहको निर्वाचनलगत्तै सरकारले पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि गरेको हो ।

वाणिज्य सचिव डा. गणेशप्रसाद पाण्डेय नेतृत्वको आयल निगम सञ्चालक समितिको बैठकले शनिबार रातिदेखि लागु हुनेगरी पेट्रोलियम पदार्थमा प्रतिलिटर १० रुपैयाँ मूल्य बढाउने निर्णय गरेको हो ।

अब पेट्रोलको खुद्रा मूल्य प्रतिलिटर १७० रुपैयाँ पुगेको छ भने डिजेल र मट्टीतेलको मूल्य १५३ रुपैयाँ प्रतिलिटर कायम भएको छ ।

# काठमाडौंमा स्वतन्त्र उम्मेदवार साहको अग्रता कायमै

**दैनिक समाचारदाता**
**काठमाडौँ, १ जेठ ।**

काठमाडौँ महानगरपालिकामा स्वतन्त्र उम्मेदवारको अग्रता कायमै छ। आइतबार साँझ सर्वजनिक मतपरिणामअनुसार स्वतन्त्र उम्मेदवार बालेन्द्र साहले ३ हजार ५ सय ३२ मत प्राप्त गर्नुभएको छ।

नेकपा (एमाले)का केशव स्थापितले एक हजार ८ सय ५६र नेपाली कांग्रेसका सिर्जना सिंहले एक हजार ६ सय ६८ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

उपप्रमुखमा एमालेका सुनिता डङ्गोलले दुई हजार २३२, नेकपा (एकीकृत समाजवादी) का रामेश्वर श्रेष्ठले ६४७ र राप्रपाका बिनिता मगैयाले ५४० मत प्राप्त गर्नुभएको छ। कामपा वडा नं १, २, ३, ४ र ३२ को मतगणना भइरहेको छ। मतगणनामा ढिलाइ कारण आलोचना हुन थालेपछि निर्वाचन कार्यालयले गणना केन्द्र थप गरेको छ।

# सुरुङ्गा १ बाट पत्रकार राउत प्यानलसहित निर्वाचित



**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**

सप्तरीको सुरूङ्गा नगरपालिका १ बाट नेकपा एकीकृत समाजवादी पार्टीबाट छत्र वहादुर राउत (राजकुमार) प्यानलसहित निर्वाचित भएका छन्। उनी कान्तिपुर टेलिभिजनको लागि सिरहाबाट काम गर्दै आएका थिए।

राउतले ६ सय १ प्राप्त गरी प्यानलै विजयी भएका हुन्। उनका निकटतम प्रतिद्वन्द्विहरु नेकपा माओवादी केन्द्रका तेज नारायण चौधरीले ४ सय ९६ र नेकपा एमालेका केदार कुमार कार्कीले ४ सय ११ मत प्राप्त गरेका छन्।



## सम्पादकीय ....

# सुस्त गतिमा मतगणना

बैशाख ३० मा सम्पन्न स्थानिय तह निर्वाचनको मतगणना सुस्त गतिमा भइरहेको छ। यसको सबैतिर आलोचन समेत भइरहेको छ। तर, निर्वाचन आयोगले यसप्रति ध्यान पुऱ्याएको देखिन्न्। निर्वाचन अधिकृतको कार्यालयले आफ्नो मातहतका मतगणना स्थलमा गन्ती गर्ने कार्यलाई तिब्रता नदिँदा मतगणनाको परिणाम आउन ढिलाई भइरहेको छ। मतगणना स्थल अगाडी सर्वसाधारणहरु मतपरिणाम सुन्न उत्साहित रहेकाले उनीहरु मतगणना ढिलाईका कारण निरास हुँदै फर्किरहेका छन्।

यो समस्या सप्तरीको मात्र नभएर मुलुकभरि नै रहेको छ। यस विषयामा निर्वाचन आयोगले अहिलेसम्म आफूलाई अपडेट गर्न सकेको छैन् भने मातहतका निर्वाचन अधिकृतको कार्यालयलाई समेत कुनै निर्देशन दिन सकेको छैन्। यस्तै गतिमा मतगणना रही रहे भने एक हप्ता भन्दा बढीको समय लाग्ने अनुमान गरिएको छ। जसकारण निर्वाचन कार्यालयलाई आर्थिक भार तथा विभिन्न कार्यालयहरुमा कर्मचारीहरुको अभाव समेत हुने निश्चित छ।

तसर्थ यस्तो अवस्था आउन नदिन निर्वाचन अधिकृतको कार्यालयले मतगणनालाई तिब्रता प्रदान गर्न म्यानपावर थप्नु पर्ने आवश्यता रहेको छ। त्यसबाहेक आगामी निर्वाचनको मतगणनाका लागि मानविय सहयोगका साथै डिजिटल प्रणाली समेत उपयोग गर्नु पर्ने आवश्यकता रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आर्थिक सहयोग नपाएपछि घटे निर्वाचन पर्यवेक्षक

**प्रकाश सिलवाल**

काठमाडौँ, १ जेठ (रासस)।

“पर्यवेक्षकहरुले मतदाताको विश्वास जित्न सबैसँग मिजासिलो भएर आदर सम्मान गर्न आवश्यक छ। यस पटकका लागि अन्तर्राष्ट्रिय पर्यवेक्षक नभएकाले राष्ट्रिय र स्थानीय पर्यवेक्षकले इमान्दारीपूर्वक विश्वास जितेर काम गर्नुपर्छ।”

स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा पर्यवेक्षणका लागि अनुमति प्राप्त विभिन्न ६८ सामाजिक संस्थाका मुख्य प्रतिनिधिका लागि गत वैशाख १४ मा आयोजित प्रशिक्षण कार्यक्रमको शुभारम्भका अवसरमा निर्वाचन आयोगमा पर्यवेक्षणसमेत हेर्ने आयुक्त सगुनशमशेर जबराले भन्नुएको थियो, “पर्यवेक्षकहरु निर्वाचनका लागि आँखा र कान दुवै हुन्। उनीहरुले इमान्दारीपूर्वक जिम्मेवारी बहन गरेमा निर्वाचनको स्वच्छता र विश्वसनीयता वृद्धि हुनेछ।”

आयोगले गरेको उक्त अपेक्षानुसार पर्यवेक्षकहरुले काम गरे/नगरेको विषयमा विस्तृत विवरण आइसकेको छैन तर गत वैशाख ३० गते भएको निर्वाचनमा आयोगले अपेक्षा गरेको २० हजारको एक चौथाइ पर्यवेक्षक मात्रै परिचालित भएका छन्। आयोगले पर्यवेक्षणका लागि अनुमति माग्ने विभिन्न ६८ संस्थालाई अनुमति दिएको थियो। ती संस्थाबाट पर्यवेक्षण गर्ने प्रतिनिधिका व्यक्तिगत विवरणसहित विद्युतीय प्रणालीबाट कागजपत्र पेस गर्न तीन दिन समय दिइएको थियो।

उक्त अवधिमा आवेदन दिई प्रमाणीकरण (स्वीकृत) भएका पर्यवेक्षकको सङ्ख्या पाँच हजार ४३७ जनामा सीमित रह्यो। सुरुमा ६८ संस्थाले अनुमति लिएकामा अन्तिममा ३७ संस्थाले मात्रै पर्यवेक्षक खटाएका छन्। तीमध्ये पनि केही पर्यवेक्षक परिचयपत्र लिन नआएको, केहीले परिचयपत्र लिएर पनि स्थलमा नगएको र अधिकांशले मतदानको दिनको मात्रै पर्यवेक्षण गरेको पाइएको छ। पर्यवेक्षकको जिम्मेवारीमा मतगणना कार्यभर पर्यवेक्षण गर्न र अन्तिममा प्रतिवेदन बुझाएर बिदा हुनुपर्ने उल्लेख छ।

पर्यवेक्षकका लागि आयोगले कुनै आर्थिक सहयोग गरेको थिएन भने जिम्मेवारी लिने संस्थाहरुलाई पनि राष्ट्रिय निर्वाचनमा जस्तो पर्यवेक्षणका लागि ठोस सहकार्य नभएकाले पर्यवेक्षकमा काम गर्न आकर्षण नदेखिएको पाइएको छ।

आयोगको विवरणअनुसार सबैभन्दा बढी पर्यवेक्षक खटाउने संस्थामा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) रहेको छ। यस संस्थाले कूल एक हजार १६ पर्यवेक्षक खटाएको थियो। यसपछिको क्रममा निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल) ले ४०९, आम निर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक) ले ३३५, शान्ति, न्याय र लोकतन्त्रका लागि समावेशी सञ्जाल (सङ्कल्प) ले २८६, अनौपचारिक क्षेत्र सेवा क्षेत्र ( इन्सेक) ले २३६, नेपाल मानव अधिकार सङ्गठनले २२९ सङ्ख्यामा पर्यवेक्षक खटाएको छ। अन्य संस्थाले सोभन्दा कम सङ्ख्यामा पर्यवेक्षक खटाएका छन्। केही संस्थाले त ५० जना मात्रै पनि परिचालन गरेका छन्।

**अधिकांश काठमाडौँ केन्द्रित संस्था**

जिम्मेवारी लिएका ३७ संस्थामध्ये पनि अधिकांश काठमाडौँ उपत्यका केन्द्रित छन्। उपत्यकाबाहिर बाँकेको बागेश्वरी असल शासन क्लब (बास), पाल्पाको सशक्तिकरण नेपाल, दैलेखको सामाजिक सेवा केन्द्र ( सासोक) नेपाल, कैलालीको दिगो विकास समाज र कञ्चनपुरको वातावरण संरक्षण तथा समाज कल्याण सङ्घ नेपाल रहेको छ।

स्थानीय तह निर्वाचनमा सबैभन्दा धेरै पर्यवेक्षक भएको नियोकका महासचिव देविका तिमिल्सिनाले आफूहरु गएको स्थानमा अन्य संस्थाका पर्यवेक्षकहरु अन्यन्त कम देखिएको र कतिपय पर्यवेक्षक उम्मेदवारको प्रतिनिधि (एजेन्ट) सँग बसेको भेटिएको रासससलाई बताउनुभयो। नियोकका तर्फबाट पूर्वसभामुख दमननाथ ढुङ्गाना, पूर्वप्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठ, पूर्वआयुक्त वीरेन्द्र मिश्रलगायत विशिष्ट पर्यवेक्षकका रूपमा पनि स्थलमा पुग्नुभएको थियो। विशिष्ट पर्यवेक्षकहरु मतदानस्थलमा पुग्दा निर्वाचन अधिकृत र उम्मेदवारहरु थप सतर्क भई निष्पक्ष निर्वाचन गराउनका लागि परेको पनि पाइएको महासचिव तिमिल्सनाको अनुभव छ।

जियोकको सचिवालय सञ्चालन गरिरहेको नेपाल कानून समाजका कार्यक्रम अधिकृत रेजिना भट्टराई आफूहरुले द एसिया फउन्डेशनको नियमित कार्यक्रम (परियोजना) को बजेट रकमान्तर गरी पर्यवेक्षण कार्य गराएको बताउँदै आयोगले तीन दिन मात्रै आवेदनका लागि समय दिएको र प्रणालीमा आवेदन दिने प्रक्रिया सरल नबनाएकाले पनि सङ्ख्या धेरै नभएको टिप्पणी गर्नुभयो। जियोकका तर्फबाट पूर्वप्रधान्यायाशीधहरु कल्याण श्रेष्ठ र सुशीला कार्की, पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल, पूर्वनिर्वाचन आयुक्त इला शर्मा, पूर्वमुख्यसचिव तीर्थमान शाक्यलगायत विशिष्ट पर्यवेक्षक हुनुहुन्छ।

इन्सेकका पर्यवेक्षण फोकल पर्सन रमेश तिमिल्सिनाले आयोगले ढिलो आवेदन खोलेर चाँडो बन्द गरेको साथै मतदाता भएका सम्बन्धित पालिकामा पर्यवेक्षण गर्न नमिल्ने गरी सुरुमा मापदण्ड ल्याएको बताउँदै जसले गर्दा पर्यवेक्षकहरु या पर्यवेक्षण गर्ने या मतदान गर्ने ? दुईमध्ये एक रोज्नुपर्ने अवस्थामा पुगेको प्रतिक्रिया दिनुभयो। पर्यवेक्षकहरुको सुझावका आधारमा आयोगले पछि मतदाता भएको वडामा मात्रै पर्यवेक्षण गर्न नपाइने प्रावधान ल्याएको थियो। इन्सेकका तर्फबाट राष्ट्रिय मानव अधिकार आयोगका पूर्वसदस्य सुशील प्याकुरेल, इन्सेकका अध्यक्ष इन्दिरा श्रेष्ठ, कार्यसमिति सदस्य शोभाकर बुढाथोकी र कार्यकारी निर्देशक विजयराज गौतम विशिष्ट पर्यवेक्षक हुनुहुन्छ।

आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलले मतदाता कायम रहेको स्थलमा पनि पर्यवेक्षण गर्न दिइँदा दल र उम्मेदवारलाई कतिपय पर्यवेक्षकले पक्षधरता देखाएको गुनासोका आधारमा यस वर्ष नयाँ प्रावधान गरिएको बताउनुभयो।

निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित र पारदर्शी बनाउन विश्वका लोकतान्त्रिक मुलुकमा पर्यवेक्षणको प्रबन्ध गरिएको हुन्छ। निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७८ ले विभिन्न ११ वटा बुँदामा पर्यवेक्षकको दायित्व निर्धारण गरेको छ। पर्यवेक्षक हुन कुनै दलको सदस्य नरहेको वा सरकारको बहालवाला पदाधिकारी वा कर्मचारी कायम नरहेको हुनुपर्ने लगायतका योग्यता

*बाँकी तीन पृष्ठमा*

**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# दोस्रो अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि वैदेशिक लगानी स्वीकृति

काठमाडौं, १ जेठ (रासस)।

नेपाल र भारतबीच विद्युत् आदानप्रदानका लागि निर्माण हुन लागेको दोस्रो अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढेको छ। नेपाल विद्युत् प्राधिकरणले नेपाल र भारतबीच विद्युत् व्यापारका लागि प्रस्तावित न्यू बुटवल-गोरखपुर ४०० केभी दोस्रो अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न स्थापना हुने कम्पनीमा वैदेशिक लगानी गर्न स्वीकृति पाएको छ।

भारत सरकारले प्रसारण लाइन आयोजनाअन्तर्गत भारततर्फको खण्ड निर्माण गर्न भारतमा स्थापना हुने बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइन कम्पनीमा वैदेशिक लगानी गर्न प्राधिकरणले स्वीकृति दिएको छ। न्यू बुटवल-गोरखपुर ४०० केभी प्रसारण लाइनअन्तर्गत भारततर्फ पर्ने लाइन निर्माण गर्न विद्युत् प्राधिकरण र भारत सरकारको स्वामित्वको पावर ग्रिड कर्पोरेशन अफ इन्डिया को ५०/५० प्रतिशत शेयर स्वामित्व (इक्विटी) रहने गरी संयुक्त कम्पनी स्थापना हुने छ। नेपालतर्फको प्रसारण लाइन भने प्राधिकरण आफैंले गर्ने छ।

नवलपरासीको सुनवल नगरपालिका-१३ स्थिति न्यू बुटवल सवस्टेसनबाट सुरु भई भारतको गोरखपुर सवस्टेसनसम्म पुग्ने ४०० केभी डबल सर्किट प्रसारण लाइनको लम्बाइ करिब १२० किलोमिटर छ। त्यसमध्ये नेपालतर्फ करिब २० किलोमिटर र बाँकी भारततर्फ पर्दछ। कम्पनीको ५० प्रतिशत इक्विटीको हुन आउने ४६ करोड भारतीय रुपैयाँ (रु ७३ करोड ६० लाख) रकम भारतमा स्थापना हुने संयुक्त कम्पनीमा वैदेशिक लगानी गर्न प्राधिकरणले स्वीकृति पाएको हो। कम्पनीमा पावर ग्रिडको पनि प्राधिकरणको बराबर नै लगानी रहने छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्राधिकरणले वैदेशिक लगानीको स्वीकृति पाएसँगै आयोजना निर्माणका लागि प्राधिकरण र पावर ग्रिडको लगानीमा भारतमा संयुक्त कम्पनी संस्थापनाको बाटो खुलेको जानकारी दिनुभयो। "कम्पनी संस्थापनाका लागि प्रबन्धपत्र र नियमावली तयारी अवस्थामा छन्, अब प्राधिकरणले भारतबाट वैदेशिक लगानीको स्वीकृति पाएसँगै कम्पनी संस्थापनाको प्रक्रिया अगाडि बढ्छ", उहाँले भन्नुभयो।

नेपाल-भारत ऊर्जा सचिव तथा सहसचिवस्तरीय संयन्त्रको २७-२८ असोज २०७६ मा भएको सातौँ बैठकले प्रसारण लाइन निर्माणको लगानी स्वरुपलाई टुङ्गो लगाएको थियो। अनुमानित लागत करिब ४ अर्ब ६२ करोड भारु ( रु ७ अर्ब ३९ करोड) रहेको आयोजनाको वित्तीय व्यवस्थापन ८० प्रतिशत ऋण र २० प्रतिशत इक्विटीबाट जुटाइने छ। कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "प्रसारण लाइन निर्माणका लागि ठेकेदार छनोटका लागि बोलपत्र डकुमेण्ट बनाउने काम भइरहेको छ, तीन वर्षभित्रमा निर्माण सक्ने लक्ष्यका साथ निर्माण प्रक्रिया अगाडि बढाएका छौं।" प्राधिकरण र पावर ग्रिडबीच भदौ २०७८ मा कम्पनी स्थापनाका लागि संयुक्त लगानी तथा लगानीकर्ता सम्झौतामा हस्ताक्षर भएको थियो।

मन्त्रिपरिषद्को १९ साउन २०७८ को बैठकले बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनको भारततर्फको खण्ड निर्माणका लागि स्थापना गरिने कम्पनीमा ५० प्रतिशत शेयर लगानी गर्न प्राधिकरणलाई स्वीकृति दिएको थियो। नेपाल खण्डको प्रसारण लाइन नेपाल आफैँले र भारतर्फको प्राधिकरण र पावर ग्रिडको ५०/५० प्रतिशत शेयर स्वामित्वमा स्थापना हुने कम्पनीले निर्माण गर्ने छन्। करिब दुई हजार मेगावाट विद्युत् प्रवाह गर्नसक्ने क्षमताको प्रसारण लाइन निर्माण गर्न लागिएको हो। हाल सञ्चालनमा रहेको ढल्केबर-मुजफ्फरपुर पहिलो अन्तरदेशीय ४०० केभी प्रसारण लाइन भन्दा बुटवल-गोरखपुर प्रसारण लाइनले झण्डै डबल क्षमतामा विद्युत् प्रवाह गर्न सक्ने छ।

### *आर्थिक सहयोग...*

तोकिएको छ।

पर्यवेक्षकले निर्वाचनसँग सरोकार राख्ने सम्बद्ध पक्षसँग निर्वाचनसम्बन्धी विषयमा स्वतन्त्र र निष्पक्षरूपमा संवाद गर्ने, आयोगले अनुमति दिएको क्षेत्र वा स्थानमा मात्र पर्यवेक्षण गर्ने, निर्वाचन प्रचारप्रसार अभियान, निर्वाचनमा लैङ्गिक तथा समावेशिताको अवस्था, मतदाताको निर्बाध आवतजावत, निर्वाचन सामग्रीहरुको ओसारपसार, मतदान प्रक्रिया, मतगणना, निर्वाचन परिणाम समेतका विषयमा पर्यवेक्षण गर्ने दायित्व तोकिएको छ।

सोहीअनुसार निर्वाचनसम्बन्धी प्रक्रियाको विभिन्न चरणमा सम्बन्धित राजनीतिक दलहरुको सहभागिता रहे वा नरहेको विषयमा जानकारी लिने, निर्वाचन अधिकृतको अनुमति लिएर मात्र मतगणनास्थलमा प्रवेश गर्ने, निर्वाचन अधिकृतको अनुमति लिएर मात्र मतदान केन्द्रभित्र प्रवेश गर्ने, यसरी प्रवेश गर्दा मतदान केन्द्रको गोप्य कक्षमा प्रवेश नगर्ने, निर्वाचन परिणाम घोषणा गर्दा अपनाइने प्रक्रियासम्बन्धी जानकारी लिने व्यवस्था छ।

पर्यवेक्षकको कार्यमा खटिँदा पर्यवेक्षकलाई प्राप्त परिचयपत्र सबैले देख्नेगरी लगाउनुपर्ने, आफूले पर्यवेक्षण गरेको प्रत्येक स्थानको प्रतिवेदन तयार गरी आफूलाई नियुक्त गर्ने पर्यवेक्षण संस्थामा पेस गर्ने, पर्यवेक्षणका क्रममा कुनै किसिमको डर, त्रास, देखाई कुनै पनि मतदान केन्द्र वा मतदान केन्द्रको वरिपरि मतदाताहरुलाई स्वतन्त्ररूपले मतदान गर्नबाट वञ्चित गर्ने कार्य आदि भएको देखेमा सोसम्बन्धी जानकारी तुरुन्त आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृत वा निर्वाचन कार्यालयलाई गराउनुपर्ने निर्देशिकामा भनिएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**

**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**



**डा. आदर्श कुमार सिंह**

**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU

NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**

**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**

**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

## न्युयोर्कमा गोली प्रहारबाट १० को ज्यान गयो

न्युयोर्क, १ जेठ (रासस/सिन्ह्वा)।

यहाँको न्युयोर्क राज्यको बफेलोमा भएको गोली काण्डमा परेर कम्तीमा पनि १० जनाको ज्यान गएको छ।

प्राप्त समाचारमा यहाँको सुपरमार्केटमा शनिबार अपराह्न गोली चलेको हो। गोली लागेर अरु केही घाइते पनि भएका छन्।

अमेरिकी समाचार समिति एसोसिएटेड प्रेस (एपी)का अनुसार शनिबार अपराह्नमा एकजना व्यक्ति सरासर सो सुपरमार्केटमा प्रवेश गरेर गोली चलाएको थियो।

सैनिकको पोशाकमा आएको एक युवकले गोली हानेको बताइएको छ। ती व्यक्तिले सो सुपरमार्केटमा रहेका कर्मचारीमाथि अन्धाधुन्ध गोली चलाएको थियो।

बफेलोका प्रहरी विभागका प्रमुखले गोली चलाउने व्यक्तिलाई नियन्त्रणमा लिइएको जनाएका छन्। उनले गोली प्रहार गरी हत्या गर्ने ती व्यक्तिलाई नियन्त्रणमा लिइएको ट्वीटरमार्फत् जानकारी दिएका हुन्।

अमेरिकी राष्ट्रपति जो बाइडेनले सो हत्याकाण्डको बारेमा जानकारी लिनुभएको ह्वाइट हाउसले जनाएको छ।

## भारतमा कोरोनाका एक दिनमा दुई हजार ४८७ कोरोना संक्रमित

नयाँदिल्ली, १ जेठ (रासस/सिन्ह्वा)।

भारत २४ घण्टाको समयावधी अर्थात शनिबार मध्यरातिसम्म दुई हजार ४८७ व्यक्ति कोरोनाका थप सङ्क्रमति भएपछि यहाँ कूल सङ्क्रमतिको सङ्ख्या चार करोड ३१ लाख २१ हजार ५९९ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले आइतबार बिहान जानकारी दिएको छ।

विगत केही महिनायता न्यून विन्दुमा पुगेको कोरोना भाइरस सङ्क्रमणको पुनःकेही दिनयता नयाँ सङ्क्रमितको सङ्ख्या दुई हजार नाघेको छ।

यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप १३ को मृत्यु भएपछि देशभर कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या पाँच लाख २४ हजार २१४ पुगेको छ। भारतभरी अझै पनि सक्रिय सङ्क्रमित १७ हजार ६९२ रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ।

चौविस घण्टाको समयावधी अर्थात शनिबार मध्यरातिसम्म दुई हजार ८७८ कोरोना निको भएका छन्। यसैसँगै हालसम्म चार करोड २५ लाख ७९ हजार ६९३ लाई कोरोना सङ्क्रमण निको भएको छ।

## अमेरिकी सुपरमार्केट गोलीबारी : बाइडेनद्वारा आतंकवाद अन्त्य गर्न आह्वान

वासिङ्टन, १ जेठ (रासस-एएनआई)।

अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकी सहर बफेलोको एक सुपरमार्केटमा भएको गोलीकाण्डमा मारिएका १० व्यक्तिका परिवारप्रति समवेदना व्यक्त गर्दै "घरेलु आतङ्कवाद अन्त्य गर्न सबै प्रयास" गर्न आह्वान गर्नुभएको छ।

ह्वाइट हाउसद्वारा जारी विज्ञप्तिमा बाइडेनले भन्नुभएको छ, "हामी दश व्यक्तिको परिवारका लागि शोकाकुल छौँ जसको जीवन मूर्खतापूर्णरूपमा लिइयो र सबैजना जसले शारीरिक र भावनात्मक पीडा भोगिरहेका छन्।

हामी कानून प्रवर्तनका सदस्य र अन्य पहिलो प्रतिक्रियाकर्ताको बहादुरीका लागि कृतज्ञ छौँ जसले जीवन बचाउन तुरुन्तै कदम चालेका छन्। प्रथम महिला र म पीडित र तिनीका परिवारका लागि प्रार्थना गरिरहेका छौँ। यस देशका सबै हृदय बफेलोका जनतासँग छन्।"

"घरेलु आतङ्कवादको कुनै पनि कार्य, घृणित सङ्कुचित राष्ट्रवादी विचारधाराको नाममा गरिएको कार्यसहित हामी त्यस्ता कुराको विरोधी हौँ। घृणाको कुनै सुरक्षित बन्दरगाह हुनु हुँदैन। हामीले घृणाले उत्तेजित घरेलु आतङ्कवादको अन्त्य गर्न आफ्नो शक्तिमा सबै गर्नुपर्दछ, "उहाँले थप्नुभयो।

सामूहिक गोलीबारी संयुक्त राज्य अमेरिकामा एक बढ्दो चिन्ताजनक समस्या हो। सैन्य गियर लगाएको र हेलमेट क्यामेराको साथ लाइभ स्ट्रिमिङ गर्ने एक १८ वर्षीय किशोरले बफेलोको एक सुपरमार्केटमा राइफलद्वारा शनिबार गोली चलाउँदा १० जनाको मृत्यु भएको र अन्य तीन जना घाइते भएको थियो।

# सप्तरीमा जसपा, काँग्रेस, लोसपा, एमाले, जनमत र नेकपा एसले वडा जिते

**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**
शनिबार सम्पन्न स्थानीय तह निर्वाचनको मतगणना जारि रहँदा आइतबार सप्तरीमा पाँच पार्टीले खाता खोल्दै वडाहरूमा जित हासिल गरेका छन् ।

पछिल्लो प्राप्त मतपरिणामको नजिता अनुसार जनता समाजवादी पार्टी ( जसपा) ३ वडा अध्यक्ष, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नेपाली कांग्रेस २/२ वडा अध्यक्ष, एमाले र जनमत पार्टीले १/१ वडा अध्यक्ष पदमा निर्वाचित भएका छन् ।

राजविराज नगरपालिका वडा नं. १६ मा जसपाका वडा अध्यक्ष पदमा रामएकवाल यादव ३९४ मतका साथ निर्वाचित भएका छन् । उनले नेपाली काँग्रेसका उम्मेदवारलाई पराजित गरेका हुन् ।

त्यस्तै खडक नगरपालिका वडा नम्बर २ को वडा अध्यक्ष पदमा जसपाका हरेराम मण्डल ९ मत बढी ल्याइ विजयी भएका छन् । निकटतम् प्रतिद्वन्द्वी नेपाली कांग्रेसका धर्मदेव साहले ३५९ मत ल्याएका छन् ।

त्यस्तै, कञ्चनरूप नगरपालिका वडा नम्बर १ मा पनि प्यानलसहित जसपा नेपालका रब्बान खान विजयी भएका छन् ।

त्यस्तै, हनुमाननगर कंकालिनी नगरपालिका-१ को वडा अध्यक्षमा जनमत पार्टीका सुरेन्द्र मण्डल प्यानलसहित निर्वाचित भई खाता खोलेका छन् । अग्नीसाइर कृष्णसवरण गाउँपालिका वडा नम्बर १ मा एमालेका वडाध्यक्ष पदका उम्मेदवार सबजुल खलिफाले ६४१ मत ल्याइ प्यानलसहित विजयी भएका छन् । उनको निकटतम प्रतिद्वन्द्वी कांग्रेसका अछमितलाल चौधरीले ५५० मत ल्याएका छन् ।

खडक नगरपालिका-१ मा लोसपाबाट वडा अध्यक्षमा राजकुमार साह ८११ मत ल्याएर विजयी भएका छन् । उनका निकट्तम प्रतिद्वन्द्वी जसपाका सिंहेश्वर मण्डलले ६३८ मत ल्याएका छन् । त्यस्तै, महादेवा गाउँपालिका वडा नम्बर १ मा पनि लोसपाका उम्मेदवार जयकिशोर दासले ९३१ मत ल्याएर कार्यकालका लागि प्यानलसहित निर्वाचित भएका छन् ।

सप्तकोशी नगरपालिका-१ मा नेपाली काँग्रेसबाट वडा अध्यक्षमा रोहिणीप्रसाद पोखरेलको टिम विजयी भएको छ । शम्भुनाथ नगरपालिकामा कांग्रेसका जिवछ साहले ४७४ मत ल्याई वडा अध्यक्ष पदमा निर्वाचित भएका छन् । उनका निकट्तम प्रतिद्वन्द्वी जसपाका बद्रीनारायण यादवले ३७१ मत ल्याएका छन् ।

त्यस्तै सप्तरीको सुरुङ्गा नगरपालिका १ बाट नेकपा एकीकृत समाजवादी पार्टीबाट छत्र वहादुर राउत (राजकुमार) प्यानलसहित निर्वाचित भएका छन् । राउतले ६ सय १ प्राप्त गरी निकटतम प्रतिद्वन्द्वि नेकपा माओवादी केन्द्रका तेज नारायण चौधरीलाई पराजित गरेका हुन् ।

### *सप्तरीमा जसपा ७,...*

अधिकृतमाथी हातपात तथा मतपेटिका तोडफोड भएकाले निर्वाचन स्थगित गरिएको थियो ।

यस्तै रुपनी गाउँपालिकाको वडा नं. ७ बसबिटी मतदान केन्द्रको पनि निर्वाचन स्थगित गरिएकाले मतगणना रोकिएको हो । सो केन्द्रमा शनिबार साँझ दुई पक्षबीच झडप हुन थालेपछि प्रहरीले पाँच राउण्ड हवाई फायर समेत गरेको थियो ।

उक्त केन्द्रमा सोमबार पुनः निर्वाचन गराइने मुख्य निर्वाचन अधिकृत चन्द्रमणि ज्ञवालीले जानकारी दिएका छन् ।

जिल्लामा ८ सय ५६ पदका लागि भएको निर्वाचनमा कुल ५ हजार ४ सय २४ जना उम्मेदवार चुनावी प्रतिष्पर्धामा छन् ।

# ६ केन्द्रमा मतदान सम्पन्न

काठमाडौं, १ जेठ (रासस) ।
गत वैशाख ३० गते स्थगन भएकामध्ये चार स्थानीय तहका विभिन्न ६ मतदान केन्द्रमा आइतबार निर्वाचन सम्पन्न भएको छ ।

निर्वाचन आयोगका अनुसार सप्तरीको डाक्नेश्वरी नगरपालिकाको जनता माविको २ केन्द्र, कालीकोटको रास्कोट गाउँपालिकाको जनता माविको १ केन्द्र, कालीकोटकै पचालभरना गाउँपालिकाको जनता माविको १ केन्द्र, बझाङको जयपृथ्वी नगरपालिकाको सुनीपिपल चौर माविको २ मतदान केन्द्रमा निर्वाचन सम्पन्न भएको हो ।

राजनीतिक दल र उम्मेदवार र अन्य पक्षको विवादका कारण स्थगन भएका ८५ मतदान केन्द्रमध्ये १९ मतदान केन्द्रमा निर्वाचनको नयाँ मिति तोकिएको थियो ।

जेठ २ गते निर्वाचन हुने मतदानस्थलमा धनकुटाको शहीदभूमि गाउँपालिकाको ठाकुरदेवी माविको ३ केन्द्र, रामेछापको खाँडादेवी नगरपालिकाको राकमथुमको ३ केन्द्र, बझाङको केदारस्युँ गाउँपालिकाको जगन्नाथ माविका २ केन्द्र, बझाङको सुर्मा गाउँपालिकाको कृष्ण प्राविको १ केन्द्र र सोही पालिकाको आधाबगर माविको २ केन्द्र रहेका छन् ।

यसैगरी जेठ ३ गते निर्वाचन हुने मतदानस्थलमा काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिकाको श्रीराम माविको २ मतदान केन्द्र रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।


## चट्याङबाट बचौ र बचाऔं।

**चट्याङबाट बच्न,**

घरबाहिर हुनुहुन्छ भने,
- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा ऱ्याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

घरभित्र हुनुहुन्छ भने,
- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड


# थप सात जनामा संक्रमण पुष्टि

काठमाडौं, १ जेठ (रासस) ।
देशभर पछिल्लो २४ घण्टामा थप सात जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । सो अवधिमा दुई हजार १८८ जनाको नमूना परीक्षण गरिएको थियो । दुई हजार ९२ जनाले पिसिआर र ९६ जनाको एन्टिजिन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

सो अवधिमा १५ जना संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ६६ हजार ९०४ पुगेको छ । यो दर ९८ दशमलव आठ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा ११ हजार ६९२ जनाले कोभिड विरुद्धको खोप लगाएका छन् । हाल सक्रिय संक्रमितको संख्या १४२ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९५२ पुगेको छ । होम आइसोलेसनमा १४२ जना संक्रमित रहेका छन् ।

हाल देशभरमा २०० वढी सक्रिय संक्रमित भएका जिल्लाहरू कुनै पनि छैनन् । शून्य संक्रमित रहेका जिल्लामा ओखलढुङ्गा, खोटाङ, सोलुखुम्बु, पाँचथर, संखुवासभा, तेह्रथुम, धनकुटा, पर्सा, सप्तरी, रौतहट, दोलखा, भक्तपुर, धादिङ, मनाङ, मुस्ताङ, म्याग्दी, बाग्लुङ, कास्की, रुकुम पूर्व, कपिलवस्तु, जाजरकोट, जुम्ला, डोल्पा, हुम्ला, रुकुम पश्चिम, कालीकोट, मुगु, बाजुरा, दार्चुला, बझाङ र डडेलधुरा रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा ३५, ललितपुर १२ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रोत्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*